# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ३, संख्या २, शनिश्चरे,चैत्र २० गते,२०७६ साल**

**भाग २**

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको मिति २०७६/१२/१८ गते बसेको बैठकले देहाय बमोजिमको रोग नियन्त्रण प्रकोप व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि , २०७६ स्वीकृत गरी लागू गर्ने निर्णय गरेकाले सबैको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

अर्जुनधारा नगरपालिका क्षेत्र भित्र महामारीजन्य रोग (Pandemic Disease) बाट हुन सक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि स्थापना भएको रोग नियन्त्रण प्रकोप व्यवस्थापन कोषको सञ्चालन सम्बन्धी कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी अर्जुनधारा नगर कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

**परिच्छेद – १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "रोग नियन्त्रण प्रकोप व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि , २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) "कोष" भन्नाले कार्यविधिको दफा ३ बमोजिमको रोग नियन्त्रण प्रकोप व्यवस्थापन कोष सम्झनुपर्छ ।

(ख) "रोग" भन्नाले नेपाल सरकार , प्रदेश सरकार वा विश्व स्वास्थ्य संगठनबाट Epidemic वा Pandemic Disease भनि घोषणा गरेको रोगलाई सम्झनुपर्छ ।

(ग) "प्रभावित व्यक्ति" भन्नाले रोगबाट संक्रमित हुनसक्ने आधारहरु भइ फरक अवस्थामा राख्नुपर्ने , रोग बाट संक्रमित भएको , रोगबाट परिवारका सदस्य गुमाएको, वा रोगका कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(घ) "राहत" भन्नाले रोगबाट हुने विपद् प्रभावित व्यक्ति वा निजको परिवार लाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिमको समिति सम्झनुपर्छ ।

(च) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनुपर्छ ।

## परिच्छेद — २

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. **कोषको स्थापना** : (१) स्थानीय स्तरमा उत्पन्न भएको रोगको जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्य नगर स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत संकलन र परिचालन गर्न नगरपालिकामा रहने प्रकोप व्यवस्थापन कोषमा छुट्टै अभिलेख गर्ने गरी **रोग नियन्त्रण प्रकोप व्यवस्थापन कोष** रहनेछ ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि रोग नियन्त्रण प्रकोप व्यवस्थापन कोषको प्रयोग गरिनेछ ।

(३) कोषको कूल आम्दानी अन्तर्गत यस कार्यविधिको दफा ६ बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको बैंकले कोष रकममा उपलब्ध गराएको ब्याज आय र दफा ७ बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्य समेतलाई जनाउँनेछ ।

तर वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन ।

(४) यस कार्यविधिको दफा ७ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरि अभिलेख गरिनेछ ।

४. **समितिः** नगरपालिकामा नगर प्रमुखको संयोजकत्वमा निम्नानुसारको सदस्य भएको रोगबाट हुने विपद् व्यवस्थापन समिति रहनेछ ।

संयोजकः नगर प्रमुख

सह संयोजकः नगर उपप्रमुख

सदस्यः सम्पूर्ण वडाध्यक्षहरु

सदस्यः विपद् व्यवस्थापन समिति संयोजक

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः नगरपालिकाका विषयगत शाखाका प्रमुखहरु

सदस्य सचिवः स्वास्थ्य शाखा प्रमुख

समितिले स्थानीय राजनैतिक दलका २ जना प्रतिनिधिलाई सदस्यको रुपमा मनोनयन गर्न सक्नेछ ।

५. **कोषको उद्देश्य** : (१) स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य रोगको जोखिम न्यूनिकरणको लागि स्वास्थ्यकर्मी परिचालन गर्नु , आवश्यक उपकरण तथा औषधीजन्य वस्तुहरुको खरिद गर्नु तथा रोकथामको लागि हुने खर्चको व्यवस्थापन गर्नु , तथा रोगबाट उत्पन्न अवस्थाको व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य रहनेछ ।

